

शिव चालीसा

सम्पूर्ण पाठ र सरल नेपाली अर्थ

अयोध्यादास

नेपाली अर्थ: उपेन्द्र धमाला

सम्पूर्ण पाठ

॥ दोहा ॥

जय गणेश गिरिजासुवन, मङ्गल मूल सुजान।
कहत अयोध्यादास तुम, देहु अभय वरदान॥

॥ चौपाई ॥

जय गिरिजापति दीनदयाला।
सदा करत सन्तन प्रतिपाला॥१॥

भाल चन्द्रमा सोहत नीके।
कानन कुण्डल नागफनी के॥२॥

अङ्ग गौर शिर गङ्ग बहाये।
मुण्डमाल तन क्षार लगाये॥३॥

वस्त्र खाल बाघम्बर सोहे।
छवि को देखि नाग मन मोहे॥४॥

मैना मातु कि हवे दुलारी।
वाम अङ्ग सोहत छवि न्यारी॥५॥

कर त्रिशूल सोहत छवि भारी।
करत सदा शत्रुन क्षयकारी॥६॥

नन्दी गणेश सोहैं तहँ कैसे।
सागर मध्य कमल हैं जैसे॥७॥

कार्तिक श्याम और गणराऊ।
या छवि कौ कहि जात न काऊ॥८॥

देवन जबहीं जाय पुकारा।
तबहिं दुख प्रभु आप निवारा॥९॥

किया उपद्रव तारक भारी।
देवन सब मिलि तुमहिं जुहारी॥१०॥

तुरत षडानन आप पठायौ।
लव निमेष महँ मारि गिरायौ॥११॥

आप जलन्धर असुर संहारा।
सुयश तुम्हार विदित संसारा॥१२॥

त्रिपुरासुर सन युद्ध मचाई।
तबहिं कृपा कर लीन बचाई॥१३॥

किया तपहिं भागीरथ भारी।
पुरब प्रतिज्ञा तासु पुरारी॥१४॥

दानिन महँ तुम सम कोउ नाहीं।
सेवक स्तुति करत सदाहीं॥१५॥

वेद माहि महिमा तुम गाई।
अकथ अनादि भेद नहिं पाई॥१६॥

प्रकटे उदधि मन्थन में ज्वाला।
जरत सुरासुर भए विहाला॥१७॥

कीन्ह दया तहँ करी सहाई।
नीलकण्ठ तब नाम कहाई॥१८॥

पूजन रामचन्द्र जब कीन्हा।
जीत के लङ्क विभीषण दीन्हा॥१९॥

सहस कमल में हो रहे धारी।
कीन्ह परीक्षा तबहिं त्रिपुरारी॥२०॥

एक कमल प्रभु राखेउ जोई।
कमल नयन पूजन चहँ सोई॥२१॥

कठिन भक्ति देखी प्रभु शङ्कर।
भये प्रसन्न दिए इच्छित वर॥२२॥

जय जय जय अनन्त अविनाशी।
करत कृपा सबके घटवासी॥२३॥

दुष्ट सकल नित मोहि सतावैं।
भ्रमत रहौं मोहि चैन न आवैं॥२४॥

त्राहि त्राहि मैं नाथ पुकारो।
यह अवसर मोहि आन उबारो॥२५॥

लै त्रिशूल शत्रुन को मारो।
सङ्कट से मोहि आन उबारो॥२६॥

मात पिता भ्राता सब कोई।
सङ्कट में पूछत नहिं कोई॥२७॥

स्वामी एक है आस तुम्हारी।
आय हरहु मम सङ्कट भारी॥२८॥

धन निर्धन को देत सदा ही।
जो कोई जाँचे सो फल पाहीं॥२९॥

अस्तुति केहि विधि करौं तुम्हारी।
क्षमहु नाथ अब चूक हमारी॥३०॥

शङ्कर हो सङ्कट के नाशन।
मङ्गल कारण विघ्न विनाशन॥३१॥

योगी यति मुनि ध्यान लगावैं।
शारद नारद शीश नवावैं॥३२॥

नमो नमो जय नमः शिवाय।
सुर ब्रह्मादिक पार न पाय॥३३॥

जो यह पाठ करे मन लाई।
ता पर होत हैं शम्भु सहाई॥३४॥

ऋनियाँ जो कोई हो अधिकारी।
पाठ करे सो पावन हारी॥३५॥

पुत्र होन की इच्छा जोई।
निश्चय शिव प्रसाद तेहि होई॥३६॥

पण्डित त्रयोदशी को लावे।
ध्यान पूर्वक होम करावे॥३७॥

त्रयोदशी व्रत करै हमेशा।
तन नहिं ताके रहै कलेशा॥३८॥

धूप दीप नैवेद्य चढ़ावे।
शङ्कर सम्मुख पाठ सुनावे॥३९॥

जन्म जन्म के पाप नसावे।
अन्त धाम शिवपुर में पावे॥४०॥

कहैं अयोध्यादास आस तुम्हारी।
जानि सकल दुख हरहु हमारी॥४१॥

॥ दोहा ॥

नित नेम उठि प्रातःही, पाठ करो चालीस।
तुम मेरी मनकामना, पूर्ण करो जगदीश॥

नेपाली अर्थसहित

दोहा १

जय गणेश गिरिजासुवन, मङ्गल मूल सुजान।

कहत अयोध्यादास तुम, देहु अभय वरदान॥

अर्थ: हे पार्वतीपुत्र गणेश! तपाईंको जय होस्। तपाईं सबै मङ्गलको मूल र ज्ञानी हुनुहुन्छ। अयोध्यादास भन्छन्, मलाई निर्भय हुने वरदान दिनुहोस्।

शब्दार्थ: गिरिजासुवन: गिरिजा अर्थात् पार्वतीका छोरा, गणेश · मङ्गल मूल: सबै शुभको जरो · सुजान: ज्ञानी · अभय: निर्भयता

चौपाई १

जय गिरिजापति दीनदयाला।

सदा करत सन्तन प्रतिपाला॥

अर्थ: दीनदुःखीमाथि दया गर्ने पार्वतीपति शिव! तपाईंको जय होस्। तपाईं सधैँ सज्जनहरूको रक्षा र पालन गर्नुहुन्छ।

शब्दार्थ: गिरिजापति: पार्वतीका पति, शिव · दीनदयाला: दुःखीमाथि दया गर्ने · सन्तन: सज्जन, भक्त · प्रतिपाला: पालन-पोषण

चौपाई २

भाल चन्द्रमा सोहत नीके।

कानन कुण्डल नागफनी के॥

अर्थ: तपाईंको निधारमा चन्द्रमा राम्ररी शोभित छ, र कानमा सर्पका फणका कुण्डल छन्।

शब्दार्थ: भाल: निधार · सोहत: शोभित हुन्छ · नीके: राम्ररी · कानन: कानमा · नागफनी: सर्पको फण

चौपाई ३

अङ्ग गौर शिर गङ्ग बहाये।

मुण्डमाल तन क्षार लगाये॥

अर्थ: तपाईंको शरीर गोरो छ र शिरबाट गङ्गा बग्छिन्। तपाईं मुण्डमाला लगाउनुहुन्छ र शरीरमा खरानी घस्नुहुन्छ।

शब्दार्थ: गौर: गोरो · गङ्ग: गङ्गा · मुण्डमाल: खप्परको माला · क्षार: खरानी, भस्म

चौपाई ४

वस्त्र खाल बाघम्बर सोहे।

छवि को देखि नाग मन मोहे॥

अर्थ: बाघको छालाको वस्त्रले तपाईं शोभित हुनुहुन्छ। तपाईंको रूप देखेर सर्पहरूको मन पनि मोहित हुन्छ।

शब्दार्थ: खाल: छाला · बाघम्बर: बाघको छालाको वस्त्र · छवि: रूप, शोभा · मोहे: मोहित हुन्छ

चौपाई ५

मैना मातु कि हवे दुलारी।

वाम अङ्ग सोहत छवि न्यारी॥

अर्थ: माता मेनाकी प्यारी छोरी पार्वती तपाईंको देब्रे अङ्गमा शोभित हुनुहुन्छ, र त्यो शोभा अनौठो छ।

शब्दार्थ: मैना: मेना, हिमालयकी पत्नी र पार्वतीकी आमा · दुलारी: प्यारी छोरी · वाम अङ्ग: देब्रे भाग · न्यारी: अनौठो, अलग्गै

चौपाई ६

कर त्रिशूल सोहत छवि भारी।

करत सदा शत्रुन क्षयकारी॥

अर्थ: तपाईंको हातमा त्रिशूल असाध्यै शोभित छ, जसले सधैँ शत्रुहरूको नाश गर्छ।

शब्दार्थ: कर: हात · भारी: ठूलो · क्षयकारी: नाश गर्ने

चौपाई ७

नन्दी गणेश सोहैं तहँ कैसे।

सागर मध्य कमल हैं जैसे॥

अर्थ: तपाईंको नजिक नन्दी र गणेश यसरी शोभित छन्, जसरी समुद्रबीच कमल फुलेको हुन्छ।

शब्दार्थ: तहँ: त्यहाँ · मध्य: बीचमा

चौपाई ८

कार्तिक श्याम और गणराऊ।

या छवि कौ कहि जात न काऊ॥

अर्थ: साँवला कार्तिकेय र गणेशसहितको यो शोभाको वर्णन कसैले गर्न सक्दैन।

शब्दार्थ: कार्तिक: कार्तिकेय, कुमार · श्याम: साँवलो · गणराऊ: गणहरूका राजा, गणेश · काऊ: कसैले

चौपाई ९

देवन जबहीं जाय पुकारा।

तबहिं दुख प्रभु आप निवारा॥

अर्थ: देवताहरू जहिले पनि तपाईंकहाँ गएर पुकारे, हे प्रभु! तपाईंले त्यही बेला उनीहरूको दुःख हटाइदिनुभयो।

शब्दार्थ: जबहीं: जहिले पनि · पुकारा: गुहार माग्यो · निवारा: हटायो

चौपाई १०

किया उपद्रव तारक भारी।

देवन सब मिलि तुमहिं जुहारी॥

अर्थ: तारकासुरले ठूलो उपद्रव मच्चाउँदा सबै देवताहरू मिलेर तपाईंको शरणमा आए।

शब्दार्थ: उपद्रव: उत्पात, दुःख दिने काम · तारक: तारकासुर · जुहारी: बिन्ती गरे, शरण परे

चौपाई ११

तुरत षडानन आप पठायौ।

लव निमेष महँ मारि गिरायौ॥

अर्थ: तपाईंले तुरुन्तै छ मुख भएका कुमारलाई पठाउनुभयो, र उनले आँखा झिम्क्याउने समयमै तारकासुरलाई मारेर ढाले।

शब्दार्थ: षडानन: छ मुख भएका, कुमार कार्तिकेय · पठायौ: पठाउनुभयो · लव निमेष: आँखा झिम्क्याउने जति छोटो समय

चौपाई १२

आप जलन्धर असुर संहारा।

सुयश तुम्हार विदित संसारा॥

अर्थ: तपाईंले जालन्धर असुरको संहार गर्नुभयो। तपाईंको सुयश सारा संसारमा प्रसिद्ध छ।

शब्दार्थ: जलन्धर: जालन्धर नामको दैत्य · सुयश: राम्रो कीर्ति · विदित: थाहा भएको, प्रसिद्ध

चौपाई १३

त्रिपुरासुर सन युद्ध मचाई।

तबहिं कृपा कर लीन बचाई॥

अर्थ: त्रिपुरासुरसँग युद्ध गरेर तपाईंले कृपा गरी सबैलाई बचाउनुभयो।

शब्दार्थ: त्रिपुरासुर: तीन पुरका दैत्य · सन: सँग · लीन बचाई: बचाउनुभयो

चौपाई १४

किया तपहिं भागीरथ भारी।

पुरब प्रतिज्ञा तासु पुरारी॥

अर्थ: भगीरथले ठूलो तपस्या गरे, र हे त्रिपुरका शत्रु शिव! तपाईंले गङ्गालाई शिरमा थामेर उनको प्रतिज्ञा पूरा गरिदिनुभयो।

शब्दार्थ: भागीरथ: भगीरथ राजा, जसले गङ्गालाई पृथ्वीमा झारे · पुरब: पूरा गर्नुभयो · तासु: उनको · पुरारी: त्रिपुरका शत्रु, शिव

चौपाई १५

दानिन महँ तुम सम कोउ नाहीं।

सेवक स्तुति करत सदाहीं॥

अर्थ: दानीहरूमा तपाईंजस्तो कोही छैन। तपाईंका सेवकहरू सधैँ तपाईंको स्तुति गर्छन्।

शब्दार्थ: दानिन: दानीहरू · सम: जस्तो · कोउ: कोही · सदाहीं: सधैँ

चौपाई १६

वेद माहि महिमा तुम गाई।

अकथ अनादि भेद नहिं पाई॥

अर्थ: वेदहरूले तपाईंको महिमा गाएका छन्, तर तपाईं वर्णन गर्न नसकिने र अनादि हुनुहुन्छ, तपाईंको रहस्य कसैले पाउन सकेन।

शब्दार्थ: माहि: मा · अकथ: वर्णन गर्न नसकिने · अनादि: सुरुवात नभएको · भेद: रहस्य

चौपाई १७

प्रकटे उदधि मन्थन में ज्वाला।

जरत सुरासुर भए विहाला॥

अर्थ: समुद्र मन्थनमा विषको ज्वाला निस्कँदा देवता र असुर दुवै जलेर व्याकुल भए।

शब्दार्थ: उदधि: समुद्र · मन्थन: मथ्ने काम · ज्वाला: आगो, यहाँ कालकूट विष · सुरासुर: देवता र असुर · विहाला: व्याकुल

चौपाई १८

कीन्ह दया तहँ करी सहाई।

नीलकण्ठ तब नाम कहाई॥

अर्थ: त्यहाँ तपाईंले दया गरेर विष पिई सबैको सहायता गर्नुभयो, र त्यसबेलादेखि तपाईं नीलकण्ठ कहलाउनुभयो।

शब्दार्थ: कीन्ह: गर्नुभयो · सहाई: सहायता · नीलकण्ठ: विषले घाँटी नीलो भएका, शिव

चौपाई १८

पूजन रामचन्द्र जब कीन्हा।

जीत के लङ्क विभीषण दीन्हा॥

अर्थ: रामचन्द्रले तपाईंको पूजा गरेपछि लङ्का जितेर विभीषणलाई दिनुभयो।

शब्दार्थ: कीन्हा: गर्नुभयो · लङ्क: लङ्का · दीन्हा: दिनुभयो

चौपाई २०

सहस कमल में हो रहे धारी।

कीन्ह परीक्षा तबहिं त्रिपुरारी॥

अर्थ: रामचन्द्रले हजार कमलले तपाईंको पूजा गर्दै गर्दा, हे त्रिपुरारि! तपाईंले उहाँको परीक्षा लिनुभयो।

शब्दार्थ: सहस: हजार · त्रिपुरारी: त्रिपुरका शत्रु, शिव

चौपाई २१

एक कमल प्रभु राखेउ जोई।

कमल नयन पूजन चहँ सोई॥

अर्थ: तपाईंले एउटा कमल लुकाइदिनुभयो। त्यो एक कमलको सट्टा कमलनयन रामचन्द्र आफ्नै कमलजस्तो आँखा चढाएर पूजा पूरा गर्न तयार हुनुभयो।

शब्दार्थ: राखेउ: राख्नुभयो, लुकाउनुभयो · जोई: जो · कमल नयन: कमलजस्ता आँखा भएका, रामचन्द्र · चहँ: चाहे

चौपाई २२

कठिन भक्ति देखी प्रभु शङ्कर।

भये प्रसन्न दिए इच्छित वर॥

अर्थ: यस्तो कठिन भक्ति देखेर प्रभु शङ्कर प्रसन्न हुनुभयो र मन चाहेको वरदान दिनुभयो।

शब्दार्थ: इच्छित: चाहेको · वर: वरदान

चौपाई २३

जय जय जय अनन्त अविनाशी।

करत कृपा सबके घटवासी॥

अर्थ: अनन्त र अविनाशी शिव! तपाईंको जय होस्। सबैको हृदयमा बस्ने तपाईं सबैमाथि कृपा गर्नुहुन्छ।

शब्दार्थ: अनन्त: अन्त नभएको · अविनाशी: नाश नहुने · घटवासी: हृदयमा बस्ने

चौपाई २४

दुष्ट सकल नित मोहि सतावैं।

भ्रमत रहौं मोहि चैन न आवैं॥

अर्थ: सबै दुष्टहरूले मलाई सधैँ सताउँछन्। म भौँतारिइरहन्छु, मलाई चैन मिल्दैन।

शब्दार्थ: सकल: सबै · नित: सधैँ · सतावैं: सताउँछन् · भ्रमत: भौँतारिँदै · चैन: शान्ति

चौपाई २५

त्राहि त्राहि मैं नाथ पुकारो।

यह अवसर मोहि आन उबारो॥

अर्थ: हे नाथ! रक्षा गर्नुहोस्, रक्षा गर्नुहोस् भनेर म पुकारिरहेको छु। यो बेला आएर मलाई उद्धार गर्नुहोस्।

शब्दार्थ: त्राहि: रक्षा गर · आन: आएर · उबारो: उद्धार गर्नुहोस्

चौपाई २६

लै त्रिशूल शत्रुन को मारो।

सङ्कट से मोहि आन उबारो॥

अर्थ: त्रिशूल लिएर शत्रुहरूलाई मार्नुहोस्, र आएर मलाई सङ्कटबाट बचाउनुहोस्।

शब्दार्थ: लै: लिएर · सङ्कट: आपत्, दुःख

चौपाई २७

मात पिता भ्राता सब कोई।

सङ्कट में पूछत नहिं कोई॥

अर्थ: आमा, बुबा, दाजुभाइ सबै हुन्छन्, तर सङ्कट पर्दा कसैले सोध्दैन।

शब्दार्थ: भ्राता: दाजुभाइ · पूछत: सोध्छ

चौपाई २८

स्वामी एक है आस तुम्हारी।

आय हरहु मम सङ्कट भारी॥

अर्थ: हे स्वामी! मलाई तपाईंकै मात्र आशा छ। आएर मेरो ठूलो सङ्कट हटाइदिनुहोस्।

शब्दार्थ: आस: आशा, भरोसा · हरहु: हटाउनुहोस् · मम: मेरो

चौपाई २८

धन निर्धन को देत सदा ही।

जो कोई जाँचे सो फल पाहीं॥

अर्थ: तपाईं गरिबलाई सधैँ धन दिनुहुन्छ। जसले जे माग्छ, उसले त्यही फल पाउँछ।

शब्दार्थ: निर्धन: गरिब · जाँचे: माग्छ · पाहीं: पाउँछ

चौपाई ३०

अस्तुति केहि विधि करौं तुम्हारी।

क्षमहु नाथ अब चूक हमारी॥

अर्थ: म तपाईंको स्तुति कुन विधिले गरूँ, जान्दिनँ। हे नाथ! मेरा भूलहरू क्षमा गर्नुहोस्।

शब्दार्थ: अस्तुति: स्तुति · केहि विधि: कुन तरिकाले · क्षमहु: क्षमा गर्नुहोस् · चूक: भूल

चौपाई ३१

शङ्कर हो सङ्कट के नाशन।

मङ्गल कारण विघ्न विनाशन॥

अर्थ: हे शङ्कर! तपाईं सङ्कट नाश गर्ने, मङ्गल गर्ने र विघ्न हटाउने हुनुहुन्छ।

शब्दार्थ: नाशन: नाश गर्ने · मङ्गल कारण: शुभको कारण · विघ्न: बाधा

चौपाई ३२

योगी यति मुनि ध्यान लगावैं।

शारद नारद शीश नवावैं॥

अर्थ: योगी, संन्यासी र मुनिहरू तपाईंको ध्यान गर्छन्, र सरस्वती र नारद तपाईंलाई शिर झुकाउँछन्।

शब्दार्थ: यति: संन्यासी · शारद: सरस्वती · शीश नवावैं: शिर झुकाउँछन्

चौपाई ३३

नमो नमो जय नमः शिवाय।

सुर ब्रह्मादिक पार न पाय॥

अर्थ: हे शिव! तपाईंलाई बारम्बार नमस्कार। ब्रह्मालगायत देवताहरूले पनि तपाईंको अन्त पाउन सकेनन्।

शब्दार्थ: सुरः देवता · ब्रह्मादिकः ब्रह्मा लगायत · पारः अन्त, सीमा

चौपाई ३४

जो यह पाठ करे मन लाई।

ता पर होत हैं शम्भु सहाई॥

अर्थ: जसले मन लगाएर यो पाठ गर्छ, शम्भु उसको सहायक बन्नुहुन्छ।

शब्दार्थ: मन लाईः मन लगाएर · ता परः उसमाथि · शम्भुः शिव · सहाईः सहायक

चौपाई ३५

ऋनियाँ जो कोई हो अधिकारी।

पाठ करे सो पावन हारी॥

अर्थ: ऋण लागेको कोही यो पाठ गर्छ भने ऊ ऋणबाट मुक्त भएर पवित्र हुन्छ भनिन्छ।

शब्दार्थ: ऋनियाँः ऋणी, ऋण लागेको मान्छे · पावनः पवित्र, मुक्त

चौपाई ३६

पुत्र होन की इच्छा जोई।

निश्चय शिव प्रसाद तेहि होई॥

अर्थ: जसलाई सन्तानको इच्छा छ, शिवको प्रसादले उसको इच्छा अवश्य पूरा हुन्छ।

शब्दार्थ: पुत्र होनः सन्तान हुने · निश्चयः अवश्य · तेहिः उसलाई

चौपाई ३७

पण्डित त्रयोदशी को लावे।

ध्यान पूर्वक होम करावे॥

अर्थ: त्रयोदशीका दिन पण्डित बोलाएर ध्यानपूर्वक होम गराउनू।

शब्दार्थ: त्रयोदशी: तेह्रौँ तिथि, प्रदोषको दिन · लावे: बोलाओस् · होम: हवन

चौपाई ३८

त्रयोदशी व्रत करै हमेशा।

तन नहिं ताके रहै कलेशा॥

अर्थ: जसले सधैँ त्रयोदशीको व्रत गर्छ, उसको शरीरमा कुनै क्लेश रहँदैन।

शब्दार्थ: हमेशा: सधैँ · ताके: उसको · कलेशा: क्लेश, दुःख

चौपाई ३९

धूप दीप नैवेद्य चढ़ावे।

शङ्कर सम्मुख पाठ सुनावे॥

अर्थ: धूप, दीप र नैवेद्य चढाएर शङ्करको सामुन्ने यो पाठ सुनाउनू।

शब्दार्थ: नैवेद्य: भोग, प्रसाद · सम्मुख: सामुन्ने

चौपाई ४०

जन्म जन्म के पाप नसावे।

अन्त धाम शिवपुर में पावे॥

अर्थ: यसले जन्म-जन्मका पाप नाश हुन्छन्, र अन्त्यमा शिवलोकमा बास पाइन्छ।

शब्दार्थ: नसावे: नाश गर्छ · अन्त: अन्त्यमा · शिवपुर: शिवलोक, कैलाश

चौपाई ४१

कहैं अयोध्यादास आस तुम्हारी।

जानि सकल दुख हरहु हमारी॥

अर्थ: अयोध्यादास भन्छन्, हे शिव! मलाई तपाईंकै आशा छ। यो जानेर हाम्रा सबै दुःख हटाइदिनुहोस्।

शब्दार्थ: अयोध्यादास: यो चालीसाका रचयिता · आस: आशा · हरहु: हटाउनुहोस्

अन्तिम दोहा

नित नेम उठि प्रातःही, पाठ करो चालीस।

तुम मेरी मनकामना, पूर्ण करो जगदीश॥

अर्थ: म हरेक दिन नियमपूर्वक बिहानै उठेर यो चालीसाको पाठ गर्छु। हे जगदीश! मेरो मनको इच्छा पूरा गर्नुहोस्।

शब्दार्थ: नित नेम: दैनिक नियम · प्रातःही: बिहानै · मनकामना: मनको इच्छा · जगदीश: संसारका स्वामी

यो PDF निःशुल्क हो, सबैसँग बाँड्नुहोस्।
upendradhamala.com.np/books/shiv-chalisa